# प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. २

जनकपुरधाम

# प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५

प्रस्तावना : प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ७ को उपदफा (२) बमोजिम विशेष अनुदान प्रदान गर्न प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद– १
## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

(क) "ऐन" भन्नाले प्रदेश नं. २ को "प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन्न ऐन, २०७५" सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. २ सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(घ) "विशेष अनुदान" भन्नाले प्रदेश नं. २ प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

३. विशेष अनुदान प्रदान गरिने क्षेत्र : प्रदेश सरकारले देहायका कुनै खास क्षेत्र तथा विशेष योजनाको लागि ऐनको दफा ७(१) को उल्लेखित आधारमा विशेष अनुदान प्रदान गर्न सक्नेछ :-

(क) साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा ज्यादै न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि संचालन गरिने शैक्षिक योजना तथा कार्यक्रम,

(ख) आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय, बाल तथा मातृ मृत्यूदर अत्याधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी योजना तथा कार्यक्रम,

(ग) खानेपानी सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायका लागि खानेपानी सुविधा उपलव्ध गराउने योजना तथा कार्यक्रम,

(घ) सम्बन्धित क्षेत्रमा उत्पादन भएको खाद्यान्नले सो क्षेत्रको माग धान्न अपुग भएमा त्यस्तो क्षेत्रमा खाद्यान्न उत्पादन अभिबृद्धि गर्न सञ्चालन गरिने विशेष खाद्यान्न तथा नगदेवाली उत्पादन अभिबृद्धि तथा वितरण सम्बन्धी योजना तथा कार्यक्रम,



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

सचिव

(ङ) आर्थिक तथा सामाजिक रुपमा पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी योजना तथा कार्यक्रम,

(च) कुनै अल्पसंख्यक र पिछडिएको वर्ग तथा समुदायको उत्थान गरिने योजना तथा कार्यक्रम,

(छ) सन्तुलित विकासको अवधारणा अनुसार राष्ट्रिय औषत भन्दा पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि संचालन गरिने सामाजिक विकासका विशेष योजना तथा कार्यक्रम ।

४. <u>विशेष अनुदान प्रदान नहुने</u> : दफा ३ मा जुनसुकै कुरा लेखेको भएतापनि देहायका प्रकृतिका योजना तथा कार्यक्रमका लागि विशेष अनुदान उपलव्ध गराइने छैनः-

क) राजनीतिक दल विशेषको खास उद्देश्य पुरा हुने राजनीतिक प्रकृतिका तथा धार्मिक उद्देश्य पुरा हुने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ख) तलब, भत्ता, मसलन्द,मर्मत सम्भार,परामर्श सेवा लगायतका प्रशासनिक खर्च तथा ऋण भुक्तानीका योजना तथा कार्यक्रमहरु,

(ग) विभेदमा परेका वर्ग, क्षेत्र तथा समुदाय बाहेक सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ङ) घाटा बजेट पूर्ति गर्ने स्रोतको रुपमा उपयोग गर्न ,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको योजना तथा कार्यक्रमहरु,

(छ) अन्य अनुदान तथा स्रोतबाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका योजना तथा कार्यक्रमहरु,

(ज) कूल लागत रु. २० लाख भन्दा कमका योजना तथा कार्यक्रमको लागि बिशेष अनुदान प्रदान गरिने छैन।

५. <u>विशेष अनुदान माग गर्ने</u> : (१) स्थानिय तहले आगामी आर्थिक बर्षका लागि विशेष अनुदानमा योजना सञ्चालन गर्न अनुदान माग गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजनाको प्रस्ताव तयार गर्दा हाल सञ्चालनमा रहेका योजनासँग दोहोरा नपर्ने गरी प्रत्येक आर्थिक वर्षको फाल्गुन मसान्तभित्र मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरु स्पष्टरुपमा खुलाउँनु पर्नेछ :-

(क) योजना सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई,



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

सचिव

(ख) योजनाको संभाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन,

(ग) योजनाको कूल लागत,

(घ) योजनाबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपन

(ङ) योजना सञ्चालन गर्न सक्ने वित्तिय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) योजनाको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(छ) योजना सम्पन्न गर्न लाग्ने समय,

(ज) योजना सम्पन्न भएपछि श्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(झ) योजनाको प्रचलित कानूनबमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ञ) एक आर्थिक वर्षभन्दा वढी अवधिको योजना तथा कार्यक्रम भएमा प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(ट) समय समयमा प्रदेश सरकारले तोकेको अन्य विवरण ।

६. <u>योजना छनौट समिति</u> : (१) दफा ५ बमोजिम विशेष अनुदानबाट योजना सञ्चालन गर्न प्रस्ताव भई आएका त्यस्ता योजनाको सम्बन्धमा आवश्यक छानविन गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको योजना छनौट समिति रहनेछः-

(क) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, सम्बन्धित महाशाखा, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) महाशाखा प्रमुख, प्रदेश सरकारका विषयगत मन्त्रालय -सदस्य

(घ) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) शाखा अधिकृत, बजेट तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य सचिव

२. समितिले कार्यक्रम छनौट गर्दा दफा ३ मा उल्लिखित आधारमा योजनाको छनौट गर्नु पर्नेछ ।

३. समितिले आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र छनौट गर्नु पर्नेछ ।

७. <u>प्रदेश सरकारले विशेष अनुदान प्रदान गर्ने :</u> (१) प्रदेश सरकारको योजना छनौट समितिले छनौट गरेको योजना सञ्चालनको लागि त्यस्तो योजनाको कुल लागत, योजना प्रकृति, योजना कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, योजना कार्यान्वयनबाट हुनसक्ने उपलब्धी, योजनाको दिगोपना समेतको आधारमा स्थानिय तहलाई विशेष अनुदान प्रदान गर्न सक्नेछ ।



सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानिय तहमा विशेष अनुदान प्रदान गर्दा विशेष अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही विशेष अनुदान प्रदान गर्नु पर्नेछ ।

८. <u>अनुदान रकम निकासा तथा खर्च प्रकृया :</u> (१) स्थानिय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन योजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो योजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

(२) स्थानिय तहले प्राप्त गर्ने विशेष अनुदान वापतको रकम आफ्नो वार्षिक बजेटमा समावेश गरी खर्च गर्नु पर्नेछ ।

(३) स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही मितव्ययी र पारदर्शी किसिमले गर्ने र त्यस्तो खर्चको भुक्तानी बैंङ्कि‍ग प्रणाली मार्फत गर्नु पर्नेछ ।

(४) विशेष अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरिक्षण गराउने दायित्व योजना कार्यान्वयन गर्ने स्थानीय तहको हुनेछ ।

९. <u>तोकिएको अवधि भित्र योजना सम्पन्न गर्नु पर्ने :</u> स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित योजना बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नुपर्ने छ । सो अवधिभित्र योजना सम्पन्न नभएमा बाँकी कार्यको लागि थप अनुदान रकम निकासा दिइने छैन ।

१०. <u>मन्त्रालयले निर्देशन दिन सक्ने:</u> विशेष अनुदानबाट सञ्चालित योजनाको उद्देश्य अनुरुप सञ्चालन नभएमा, काममा आवश्यक गुणस्तर नदेखिएमा, समयमा कार्य सम्पन्न हुने नदेखिएमा वा कुनै कारणले योजना कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयलले सम्बन्धित स्थानिय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना सम्बन्धित स्थानीय तहले अनिवार्य रुपमा गर्नुपर्नेछ।

११. <u>अनुगमन तथा प्रतिवेदन :</u> (१) विशेष अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन भए/नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।

२. उपदफा (१) बमोजिम स्थानीय तहले योजनाको अनुगमन गरेपछि सोको प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालय र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

३. स्थानीय तहले आफ्नो क्षेत्रभित्र विशेष अनुदानबाट सञ्चालित योजनाको प्रगती प्रतिवेदन चौमासिकरुपमा मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालय समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

४. स्थानीय तहले योजना सञ्चालन गर्दा कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा



सचिव

१२. अनुदान कट्टा तथा रोक्का गरिनेः (१) विशेष अनुदानबाट सञ्चालनमा रहेका योजनामा लक्षित उद्देश्य अनुरुप कार्य प्रगति हुन नसकेमा वा मन्त्रालयले दफा १० बमोजिम दिएको निर्देशन पालना नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरुप नभएको पाइएमा वा तोकिएको समयभित्र सम्पन्न नगरेमा वा आयोजना/कार्यक्रम अधुरो पारी छोडेमा प्रदेश सरकारले त्यस्ता योजना सञ्चालनका लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट कट्टा गर्न वा रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले मन्त्रालयले माग गरेको अवधिभित्र दफा ११ बमोजिम अनुगमन तथा प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्न प्रत्याभूति व्यक्त गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ ।

१३. योजना सञ्चालन तथा मर्मत संभार गर्ने जिम्मेवारी : विशेष अनुदानबाट सम्पन्न भएका योजनाको सञ्चालन तथा मर्मत संभार गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ र त्यस्तो योजनाको सञ्चालनको लागि प्रदेश सरकारले कुनै दायित्व वहन गर्ने छैन ।

१४. बाधा अड्काउ फुकाउने : यो कार्यविधि अनुसार आयोजना/कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा/अवरोध आइपरेमा मन्त्रालयले सो बाधा/अवरोध फुकाउन सक्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

सचिव

## अनुसूची -१

(कार्यविधिको नियम ५ उपदफा (१) सँग सम्बन्धित)

### विशेष अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फाराम

अनुदान माग गर्ने स्थानीय तहको

नाम :

जिल्ला :

वडा नं. :

फोन, फ्याक्स र इमेल :

कार्यक्रम वा आयोजनाको नाम :

कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :

कार्यक्रम वा आयोजनाको कूल लागत रु. :

स्थानीय तहको सभाको बहुमतले पारित गरेको मिति :

दफा ५(३) मा उल्लिखित विषयहरु :

संलग्न आवश्यक कागजातहरु :

१. ...............................

२. ...............................

३. ...............................

दस्तखत :

नाम :

पद :

मिति :

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

<u>अनुसूची - २</u>

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

## प्रगति प्रतिवेदनको ढाँचा

योजना कार्यान्वयन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नंः

| क.सं. | योजनाको नाम | कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ..........अवधिको लक्ष्य | | ............ अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

<u>दस्तखत :</u>

नाम :

पद :

मिति :

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

□□□

सचिव